# स्थानीय राजपत्र

गजुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) गजुरी, धादिङ, २०७५ साल श्रावण १६ गते (संख्या ११)

## भाग २

## गजुरी गाउँपालिकाको जलस्रोत उपयोग कार्यविधि–२०७५

**प्रस्तावना** : गाउँपालिका क्षेत्र भित्रको भुमिगत वा सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास एवं त्यस्तो उपयोगबाट हुने वातावरणिय एवं अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम तथा जलस्रोतलाई प्रदुषण सम्बन्धमा मुक्त राख्ने कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गजुरी गाउँपालिकाको बैठकले "गजुरी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७५" जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस कार्यविधिको नाम "गजुरी गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको बैठकवाट पास भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा :–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा –

(क) "जलस्रोत" भन्नाले गाउँपालिका भित्रको-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्न गाउँपालिकाबाट दफा ८ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित संस्था संम्झनु पर्दछ।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा १ को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्दछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संम्झनुपर्छ।

(च) "सेवा शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता वा संगठित संस्थाले बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ।

## परिच्छेद २
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

३. **जलस्रोतको उपयोगः** (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहय

बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्नेछैन।

क) ढुवानी गरी आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

ख) आफ्नो जग्गामा सिंचाई गर्न,

ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

ङ) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए वमोजिम उपयोग गर्न,

४. **जल उपभोक्ता संस्थाको गठन** : (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए वमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गजुरी गाउँपालिका समक्ष तोकिए वमोजिम दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(४) उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरू मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरूले अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको दुई प्रति विधान र दश रुपैयाँ टिकट सहित गजुरी गाउपालिका जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ।

५. **जलस्रोत उपयोगको प्राथमिकता क्रम** : (१) गाँउपालिका क्षेत्रभित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ।

क) खानेपानी र घरेलु उपयोग,

ख) सिंचाई,

ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

घ) जलविद्युत,

ङ) घरेलु उद्योग,औद्योगिक व्यवसाय तथा खानिजन्य उपयोग,

च) जल यातायात,

छ) आमोद प्रमोद जन्य उपयोग,

झ) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ वमोजिम गठित समितिले दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकता क्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

६. **गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने** : (१) आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधि कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस कार्यविधि वमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गजुरी गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

७. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने** : (१) गजुरी गाउँपालिकाले दफा ९ अनुसार उपदफा (१) र (२) वमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकि हस्तान्तरण गर्न सक्नेछ ।

२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस कार्यविधिको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन

सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।

८. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने** : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि गजुरी गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सँग प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरू वमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

## परिच्छेद ३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

९. **अनुमति पत्रको व्यवस्थाः** (१) जलस्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले गजुरी गाउँपालिका कार्यालय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ । उपभोक्ता समिति गठन भई जलस्रोतका उपयोग गर्न चाहने उपभोक्ता समितिले विधान सहित गजुरी गाउँपालिका कार्यालय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त दिईएकोमा पानीको मुहान वरपर दरखास्तको व्यहोरा खुलाई सूचना टाँस गर्नु पर्नेछ। सूचनाको नमुना अनुसुची १ वमोजिम हुनेछ।

(२) उपदफा (१) वमोजिम परेको दरखास्तमा गजुरी गाउँपालिकाले तोकी दिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिन भित्रमा आवश्यक शर्तहरू तोकि दफा ५ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ। दफा ४ बमोजिम दर्ता हुन आएको उपभोक्ता समितिलाई अनुसुची ३ बमोजिम को प्रमाणपत्रको तथा अनुसुची ५ बमोजिमको अनुमति पत्र दिईनेछ। व्यक्ति वा संगठित संस्थाका लागि जलश्रोत उपभोग को नमुना अनुसुची ४ बमोजिम हुनेछ।

(३) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोत उपयोग गरे वापत गजुरी गाउँपालिकालाई अनुसुची ६ वमोजिमको दस्तुर

वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(४) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गजुरी गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ। उक्त रकममा प्रत्येक आ.व.मा सभाबाट स्वीकृत भए बमोजिम हुनेछ।

१०. **जलविद्युतको लागि जलस्रोतको उपयोग** : दफा ९ मा जुनसुकै कुरा लेखिएका भएता पनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन वमोजिम हुनेछ।

११. **अनुमतिपत्र नविकरण गर्ने** : (१) यो कार्यविधि वमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिको नविकरण गर्नु पर्नेछ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा तोकिए वमोजिम नविकरण दस्तुर लाग्नेछ।

१२. **अनुमतिपत्र खारेज गर्न सकिने** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो कार्यविधि वा यस कार्यविधि अन्तरगत बनेको नियम विपरित कुनै काम गरेमा दफा १३ वमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार गरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनुपर्नेछ।

## परिच्छेद–४

## स्थानीय जलस्रोत समिति सम्बन्धी व्यवस्था

१३. **स्थानीय जलस्रोत समितिको गठन** : (१) गजुरी गाउँपालिका भित्र रहेको जलस्रोत उपयोगको आवस्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए वमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारी रहने छन् ।

| | | |
|---|---|---|
| क) | अध्यक्ष | अध्यक्ष |
| ख) | उपाध्यक्ष | सदस्य |
| ग) | वन सव डिभिजन कार्यालयको प्रतिनिधि | सदस्य |
| घ) | पुर्वाधार विकास शाखाको कर्मचारी प्रतिनिधि | सदस्य |
| ङ) | जलस्रोत हेर्न तोकिएको कर्मचारी | सदस्य |
| च) | गाउँ कार्यपालिकाले तोकेको एकजना गाउँ कार्यपालिका सदस्य | |
| छ) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

(३) स्थानीय जलस्रोत समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार** : स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

घ) खण्ड (ग) वमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त वमोजिम

जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन वमोजिम  कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद– ५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

१५. **सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि वा यस कार्यविधि अन्तरगत बनेको नियम उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपुर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस कार्यविधि वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न र त्यस्तो काम वन्द गराउन सक्नेछ ।

(३) यस कार्यविधि वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट विगो असुल गरी निजलाई विगो वमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले वदनियतका साथ कुनै खानेपानीको मुहान, वाँध, नहर वा जलस्रोतको उपयोग सँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई विगो वमोजिम जरिवाना गराई वा नियमानुसार कारवाहीको लागि न्यायिक समिति समक्ष सिफारिस गर्ने ।

१६. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने** : जलस्रोत उपयोगको अनुमति प्रदान

गर्ने निकायले यस कार्यविधि वमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा २१ (४) वमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि वमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

१७. **मुद्दा सम्बन्धी व्यवस्था** : दफा २१ को उपदफा (४) वमोजिमको सजाय हुने कसुर सम्बन्धी व्यवस्था संघिय कानुन वमोजिम हुनेछ।

१८. **पुनरावेदन सम्बन्धी व्यवस्था** : यस कार्यविधि वमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कार्वाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद–६

## विविध

१९. **सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ।

(२) गजुरी गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क तोकिए वमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

२०. **सेवा रोक्न सक्ने** : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ।

२१. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने** : गजुरी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलशिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा गजुरी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले

खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ। त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गजुरी गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ।

२२. **जलस्रोत संरचनाको सुरक्षा** : (१) जलस्रोतको उपयोग सँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गजुरी गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखि पठाउन सक्नेछ।

२३. **जलस्रोतलाई प्रदुषित गर्न नहुने** : गजुरी गाउँपालिका क्षेत्र भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुँदैन।

२४. **वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुने** : गजुरी गाउँपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भू-क्षय, वाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ।

२५. **बाधा अड्कन फुकाउ एवं व्यवस्था** : यस कार्यविधिको अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य गजुरी गाउँ कार्यपालिकाले गर्नेछ।

२६. **परिमार्जन तथा संशोधन**: यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

२७. **बचाऊ** : यस कार्यविधिको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

**अनुसूची १**

(**दफा ९ को उपदफा १ सँग सम्वन्धित**)

**जल उपभोक्तको मुहान दर्ता सम्बन्धी**

**सूचना। सूचना॥ सूचना॥।**

गजुरी गाउँपालिका वडा नं. ........स्थित ........मा ............. जल उपभोक्तको .......... प्रयोजनको लागि मुहान दर्ता गरी पाउँ भनि................... उपभोक्ता समिति/.......कम्पनी का अध्यक्ष/ सचिव ले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित खानेपानीको मुहान दर्ता गर्ने सम्बन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्बन्धमा कुनै वाधा व्यवधान भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरी प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

जलस्रोत समिति
गजुरी गाउँपालिका
गजुरी, धादिङ

**अनुसूची–२**

(**दफा ४ सँग सम्बन्धित**)

**निवेदन पत्रको ढाँचा**

श्री अध्यक्ष ज्यू,
गजुरी गाउपालिका जलस्रोत समिति
गजुरी धादिङ ।

मिति ..................

महोदय,

हामीले................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले गजुरी गाउपालिका जलस्रोत कार्यविधि, २०७६ को दफा ४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु.दशको टिकट टाँस गरी दरखास्त दिएका छौं ।

**विवरण** :

१. उपभोक्ता संस्थाको नामः

२. कार्य क्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा

(क) (ख)

(ग) (घ)

(ङ) (च)

(छ)

५. **उपयोग गरिने जलस्रोतको विवरण** :

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. **उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण** :

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. **आर्थिक स्रोतको विवरण** :

८. **कार्यालयको ठेगाना** :

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही :

नाम :

पद :

ठेगाना :

**अनुसूची–३**

(**दफा ९ सँग सम्बन्धित**)

**गजुरी गाउपालिका जलश्रोत समिति**

**गजुरी धादिङ्ग**

मितिः......................

दर्ता मिति :

दर्ता नम्बर :

**उपभोक्ता संस्था दर्ता प्रमाण–पत्र**

श्री.......................................................................

..................................धादिङ्गलाई गजुरी गाउपालिका जलस्रोत कार्यविधि, २०७६ को दफा ९ बमोजिम....................... साल............ ........महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गजुरी गाउपालिका जलस्रोत कार्यविधि, २०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

“**दर्ता भएको उपभोक्ता संस्था को नाम :** ....................................”

(निर्णय मिति :                )

.............................

(सदस्य सचिव)

जलस्रोत समिति

गजुरी गाउँपालिका

गजुरी, धादिङ

**अनुसूची–४**

(**दफा ९ सँग सम्बन्धित**)

**गजुरी गाउपालिका जलश्रोत समिति**

**गजुरी धादिङ्ग**

मितिः......................

दर्ता मिति :

दर्ता नम्बर :

**जलश्रोत उपयोग अनुमतिपत्र**

श्री.........................................................................................

......................................... गजुरी धादिङ्गलाई जलस्रोतको उपयोग गर्न पाउने गरी गजुरी गाउपालिका जलस्रोत कार्यविधि, २०७६ को दफा ९ बमोजिम....................... साल....................महिना............ ...गतेमा यस कार्यालयमा दर्ता गरी यो **अनुमति पत्र** प्रदान गरिएको छ । गजुरी गाउपालिका जलस्रोत कार्यविधि, २०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

“श्री .......................... उपभोक्ता संस्थालाई अनुमति प्रदान गरिएको मुहानको नाम : ............................”

(निर्णय मिति :            )

............................

(सदस्य सचिव)

जलस्रोत समिति

गजुरी गाउँपालिका

गजुरी, धादिङ

**अनुसूची–५**

(**दफा ९ सँग सम्बन्धित**)

**गजुरी गाउपालिका जलश्रोत समिति**

**गजुरी धादिङ्ग**

दर्ता मितिः

दर्ता नम्बरः

मितिः......................

**जलश्रोत उपयोग अनुमति पत्र**

श्री.............................................................................. ................................ धादिङ्गलाई जलस्रोतको उपयोग गर्न पाउने गरी गजुरी जलस्रोत कार्यविधि, २०७६ को दफा ९ बमोजिम ....................... साल .................... महिना ................ गतेमा यस कार्यालयमा दर्ता गरी **अनुमति पत्र** प्रदान गरिएको छ। गजुरी जलस्रोत कार्यविधि, २०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला।

“**श्री** .......................... **कम्पनीलाई अनुमति प्रदान गरिएको मुहानको नाम :** ............................”

(निर्णय मिति :              )

............................

(सदस्य सचिव)

जलस्रोत समिति

गजुरी गाउँपालिका

गजुरी, धादिङ

## नविकरण सम्बन्धी विवरण

| नविकरण गरेको मिति | इजाजत पत्र बहाल रहने अवधि | नविकरण कर वापत लाग्ने रकम | छुट रकम | जरिवाना रकम | अन्य | जम्मा रकम | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची–६**

**(दफा ९ को उप दफा ३ तथा दफा १९ सँग सम्बन्धित)**

**अनुमतिपत्र दस्तुर जलस्रोत उपयोगको**
**किसिम तथा नविकरणको दस्तुर**

(क) खानेपानी र घरेलु उपयोग रु. १०००।-

(ख) सिंचाई रु. १०००।-

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु. १०००।-

(घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु. २०००।-

(ङ) जल यातायात रु. ५०००।-

(च) अन्य उपयोग रु. २०००।-

(छ) नविकरण दस्तुर गाउपालिकाले तोके बमोजिम हुनेछ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँ कार्यापालिकाको कार्यालय
गजुरी, धादिङ